नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
कृषि बिभाग
माटो व्यवस्थापन निर्देशनालय
हरिहरभवन ललितपुर

# प्राँगारिक मल उत्पादन कारखाना स्थापना गर्न चाहने सहकारी सँस्था/सँघ तथा नीजि फर्म/कम्पनीहरुलाई अनुदान प्राप्तिको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

## प्रथम पटक प्रकाशित मिति २०६७।०९।२९

यस निर्देशनालयको आ.ब. २०६७/६८ का स्विकृत कार्यक्रम अनुसार प्राँगारिक मल उत्पादन कारखाना स्थापना गर्न प्रोत्साहन गर्ने उद्येश्यले, *प्राँगारिक मल उत्पादन कारखाना स्थापनाको लागि प्रोत्साहन कार्यबिधि २०६६*" अनुसार प्राँगारिक मल कारखाना स्थापना गर्न चाहने फर्म, कम्पनी वा सँघ सँस्थालाई कारखाना स्थापना गर्न आबश्यक पर्ने मेसीनरी/औजार खरिद गर्न ५० % अनुदान उपलब्ध गराउने व्यवस्था भएकोले स्विकृत कार्यबिधि अनुसारको मापदण्ड र शर्तहरु पुरा गरेका र अनुदान प्राप्त गर्न चाहने इच्छुक सहकारी सँस्था/सँघ वा नीजि/साझेदार फर्म/कम्पनी बाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस निर्देशनालयमा उल्लेखित बिवरणहरु सहित सिलबन्दी प्रस्ताव पेश गर्न सूचित गरिन्छ । गत बर्ष (आ.ब. ०६६/६७) मा प्रस्ताव पेशगर्ने फर्म, कम्पनी वा सँघ सँस्थाहरुले भाग लिन चाहेमा पुनः प्रस्ताव पेश गर्नुपर्ने छ ।

## अनुदान प्राप्त गर्न चाहने सँस्था/फर्म छनौटका आधारहरु, शर्तहरु तथा आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

(क) कारखाना स्थापना गर्ने संस्था तथा निजी फर्म प्रचलित ऐन बमोजिम सम्वन्धित निकायमा दर्ता भएको हुनु पर्ने छ । साथै आवेदनको साथ नियमित कर तिरेको प्रमाण समेत सँलग्न हुनुपर्नेछ ।

(ख) संस्थाको हकमा वार्षिक साधारणसभावाट निर्णय गरी वा वार्षिक साधारण सभावाट अनुमोदन गराउने गरी कार्य समितिको वैठकले कारखाना स्थापना गर्ने निर्णय गरेको हुनु पर्नेछ ।

(ग) प्रस्तावक संस्था वा फर्मले प्रस्तावित कारखाना स्थापना र सञ्चालन गर्ने सम्वन्धमा प्राविधिक, वित्तिय र बजार सम्वन्धी सम्भाव्यता अध्ययनको आधारमा तयार गरिएको प्रस्ताव पेश गरेको हुनुपर्नेछ । यस्तो प्रस्तावमा सम्भाव्यता अध्ययन तथा योजना तर्जुमा ( प्राबिधिक, आर्थिक तथा बजार ब्यवस्थापन) लगायत, जग्गाको उपलब्धता (कुल क्षेत्रफल,आफनै वा भाडामा), सँस्था वा कम्पनीको किसिम (सहकारी, सँघ वा लिमीटेड/नीजि/साझेदार कम्पनी), कच्चापदार्थको आपुर्ति/ब्यवस्थापन (आफ्नै वा स्थानीय स्तरमा खरिद, शहरी फोहर मैला सँकलन वा आयातित (एकभन्दा बढी श्रोत प्रयोग हुने भए हरेकको प्रतिसत खुलाउने र प्राँगारिक प्रमाणिकरणको ब्यवस्था भए सो को योजना समेत खुलाउने), पूर्बाधार (बाटो पानी, बिद्युत र भवनको ब्यवस्था खुलाउने), प्राबिधिक कर्मचारीको उपलब्धता (सँख्या, शैक्षिक स्तर र अनुभव समेत खुलाउने), कुल अनुमानित लागत (आफ्नो लगानी, अनुदान माग र ऋणको बिवरण खुलाउने), कारखाना रहने स्थान (काठमाण्डौ उपत्यका, जिल्ला सदरमुकाम वा नगरपालिका भित्र वा बाहिर र बाहिर भए सार्बजनिक सवारी चल्ने नचल्ने र कति दुरीमा रहेको), कारखानाको उत्पादन क्षमता (मेट्रिक टन प्रति बर्ष), उत्पादीत मलमा पाईने नाईट्रोजन, फस्फोरस र पोटासको मात्रा, उत्पादीत मलको गुणस्तर बृद्धी गर्न सुक्ष्म जिवाणु वा अन्य प्रबिधि प्रयोग हुने भए सो पनि खुलाउने, प्याकेजिंग गर्ने सामाग्री (स्थानीय वा आयातीत) र यसको गुणस्तर , तथा उत्पादीत मलको खपत तथा बजार ब्यवस्थापन कसरी हुने, कारखाना स्थापना/बिस्तार गर्न के कस्तो मेसिनरी/उपकरण खरीद गर्ने, उक्त मेसिनरी कुन प्रयोजनमा प्रयोग हुने, कहाँबाट खरिद गर्ने र कति मुल्य पर्ने स्पष्ट रुपमा खुलेको हुनुपर्नेछ र उपलब्ध हुनसक्ने सबै बिवरणहरुको प्रमाण समेत सँलग्न गर्नुपर्नेछ ।

(घ) प्रस्तावित कारखाना स्थापना र संचालनको लागि आवश्यक पूर्वाधार जस्तै : सडक, विद्युत, पानी, भवनको व्यवस्था भएको हुनपर्नेछ र यस्ता पूर्बाधार बन्दै गरेको वा बन्ने योजना भए कहिले सम्म सम्पन्न हुने हो सो को कार्यतालिका र उत्पादन कार्य शुरु हुने प्रस्तावित मिति समेत खुलाई पेश गर्नु पर्नेछ ।

(ङ) कारखानाले प्रयोग गर्ने कच्चा पदार्थको कम्तिमा ६० प्रतिशत नेपाली कच्चा पदार्थ हुनुपर्नेछ ।

(च) प्रस्तावित कारखानाले अदक्ष श्रमिकको हकमा शत प्रतिशत स्वदेशी श्रमिक प्रयोग गर्नु पर्नेछ ।

(छ) संस्था वा फर्मसंग कम्तिमा प्राङ्गारिक मल कारखाना स्थापना वा विस्तार गर्न माग गरिएको अनुदान रकम जति भौतिक सम्पत्ति वा नगद वैक मौज्दात रहेको हुनुपर्नेछ ।

(ज) सरकारको तर्फवाट कारखानामा प्रयोग हुने मेशिनरी उपकरणको कुल लागत को ५० प्रतिशत रकम मात्र अनुदान उपलब्ध हुन सक्ने भएको हुँदा अन्य सम्पूर्ण चालु तथा पुंजिगत खर्च सम्वन्धित संस्था वा फर्म आफैले ब्यहोर्नु पर्नेछ ।

(झ) एक वा एक भन्दा वढी संस्थाहरु मिलेर कारखाना स्थापना एवं संचालन गर्न सक्नेछन । एक भन्दा वढी संस्थाहरु मिलेर कारखाना स्थापना एवं संचालन गर्ने भएमा संवन्धित संस्थाको संचालक समितिको निर्णय र उनीहरु वीचको करारनामा पेश भएको हुनु पर्नेछ ।

(ञ) एक संस्था वा फर्मले एक भन्दा वढि प्रस्ताव पेश गर्न पाइने छैन । यसप्रकार एक भन्दा वढि प्रस्ताव पेश गरेको पाईएमा वढि अनुदान माग गरिएको प्रस्तावलाई स्वतः रद्द गरिनेछ ।

(ट) अनुदान प्राप्त गर्न प्रस्ताव पेश गर्न चाहने सँस्था वा फर्मले सम्वन्धित जिल्ला कृषि विकास कार्यालयको शिफारिस साथ प्राङ्गारिक मल अनुदान प्राविधिक उपसमितिको सचिवालय, माटो व्यवस्थापन निर्देशनालय, हरिहरभवनमा प्रस्ताव दर्ता गर्नु पर्ने छ ।

(ठ) ग्रामिण तथा दुर्गम क्षेत्रमा स्थापना गरिने कारखानाको लागि प्राप्त हुने प्रस्तावलाई उपलव्ध गराउन प्राथमिकता दिइने छ ।

(ड) कुनै कारणवश प्रस्ताव स्विकृत हुन नसकेमा वा अनुदान रकम उपलब्ध हुन नसकेमा कुनै क्षतिपुर्ति दावी गर्न पाईने छैन ।

(ढ) प्रस्ताव पेश गर्दा सिलबन्दी खामको माथि *"प्राँगारिक मल उत्पादन कारखाना स्थापनाको लागि उपकरण,मेसीनरी खरिद गर्न अनुदान माग सम्बन्धि प्रस्ताव"* भनी उल्लेख गर्नुपर्नेछ ।

(ण) प्रस्ताव तयार गर्दा अनिवार्य रुपमा सँलग्न हुनुपर्ने बिवरणहरुको फर्मेट माटो व्यवस्थापन निर्देशनालय बाट प्राप्त गर्न सकिनेछ । प्रस्ताव आह्वान सम्बन्धि सूचना र मुल्याङ्कनका आधारहरु सम्बन्धि फर्मेट ईन्टरनेट (www.doasoil.gov.np) बाट पनि डाउनलोड गर्न सकिने छ ।


**सम्पर्क एवं आवेदन पेश गर्ने ठेगानाः**

**माटो व्यवस्थापन निर्देशनालय,**

हरिहरभवन, ललितपुर

फोन नं. ०१-५५२०३१४, फ्याक्सः ०१-५५५३७९१